# कार्यपालिका बैठक माइन्युट

| मिति | २०८२।०३।०३, मंगलबार | बैठक संख्याः | १८ (आर्थिक वर्ष २०८१।०८२) |
|---|---|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष | | |

उपस्थितिः

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

## एजेन्डाहरू

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | **अघिल्लो बैठकको कार्यान्वयन समीक्षा** |
| २. | १६औ गाउँसभा आवह्वान |
| ३. | ठेक्का म्याद थप सम्बन्धमा । |
| ४. | विविध । |

मितिः२०८२।०३।०३ को कार्यपालिका बैठकका निर्णयहरू

बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बन्दीपुर तनहुँ गण्डकी प्रदेश २०७३

| निर्णय संख्या | निर्णय संग सम्बन्धित एजेन्डा/ शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| 1. | प्रशासन | अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयनको बारेमा छलफल गरी समीक्षा गरियो। |
| 2. | गाउँसभा आव्हान गर्ने सम्बन्धमाः | बन्दीपुर गाउँपालिका १७ औ गाउँसभा मिति २०८२।०३।१० विहान ११:०० बजेलाई आवह्वान गर्ने निर्णय गरियो। |
| 3. | अख्तियारी दिइएको सम्बन्धमा | विज्ञापन करका विषयमा बन्दीपुर गाउँपलिकासमेतलाई विपक्षी बनाई पुष्पराज पौडेलद्वारा सर्वोच्च अदालतमा दायर उत्प्रेषणयुक्त परमादेशको रिटमा लिखित जवाफ पेश गर्ने लगायतका सम्पूर्ण कार्यहरू गर्न यसै कार्यालयमा न्यायिक सहजकर्ताको रुपमा कार्यरत अधिवक्ता श्री राजेन्द्र पराजुलीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो। |
| 4. | बालीमा भएको क्षतिपूर्ति स्वरूप राहत उपलब्ध गराउने सम्बन्धमाः | बन्दीपुर गाउँपालिका वडा नं. ०५, कल्चोक निवासी कृषक श्री वुद्दी बहादुर मगरको लिची बगैचामा मिति २०८१।११।०७ मा आगलागीबाट भएको क्षतीमा प्राविधिक लागत अनुमाण बमोजिम रु.३१ हजार ५ सय बराबरको रकम क्षतिपूर्ति स्वरूप पिडीत कृषक बुद्दी बहादुर गुरूङलाई उपलब्ध गराउने निर्णय गरियो। |
| 5. | रैथाने बाली प्रवर्धनका लागि होमस्टेहरु छनोट गर्ने सम्बन्धमाः | बन्दीपुर गाउँपालिका कृषि विकास शाखाको लागि आ.व २०८१/०८२ मा नेपाल सरकार संघिय सशर्त बाट वार्षिक स्वीकृत रैथाने बाली प्रवर्द्धन कार्यक्रम सम्झौतामा स्वीकृत कार्यक्रम विस्तृतिकरण अनुसार साथै यसमा उल्लेख नभएको खर्च टिप्पणी अनुसार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश सम्बन्धमा । तपशिलको होम स्टेहरुलाई तपशिलको बजेट विनियोजन गर्ने निर्णय गरियो । **तपशिलः** |

| क्र.स. | होमस्टेको नाम | बजेट रु. |
|---|---|---|
| 1. | धरमपानी कन्यावेवी सामुदायिक होम स्टे बन्दीपुर गा.पा.-६,धरमपानी | २ लाख मात्र। |
| 2. | रामकोट सामुदायिक होम स्टे बन्दीपुर गा.पा.-३,रामकोट | ३ लाख मात्र। |

| निर्णय संख्या | निर्णय संग सम्बन्धित एजेन्डा/ शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| 6. | आर्थिक विकास समितिको निर्णय अनुमोदन | आर्थिक विकास समितिले मिति २०८२।०२।२७ मा गरेका निर्ययहरु अनुमोदन गर्ने निर्णय गरियो। |
| 7. | ठेक्का म्याद थप समबन्धमाः | चालु आ.व. मा निर्माणको चरणमा रहेका ठेक्काहरुलाई तपशिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो। |

| क्र.सं. | योजनाको नाम | म्याद थप मिति |
|---|---|---|
| 1. | Construction of Black Top Road from Seratar to Ramkot | 2082/06/31 |
| 2. | Construction of Black Top Road from Tindhara to Bahunbhanjyang Jhargaun Dharampani | 2082/06/31 |
| 3. | Construction of Black Top Road from Sadhbhanjyang Ghamalchap Tamukhola | 2082/03/15 |
| 4. | Construction of Ward-4 Office Building | 2082/07/30 |
| 5. | | |

| | | |
|---|---|---|
| 8. | कोल्ड स्टोरको ठेक्का म्याद थप सम्बन्धमा: | मिति २०७७ माघ ७ मा यस गाउँपालिका र श्री कुसुम कन्स्ट्रक्सन, भानु-०१, तनहुँ बीच सम्झौता भएको ठेक्का Construction of Cold Store (Contract ID:-BRM/BLDG/02/2077-078) को श्री Polar Engineering Consultancy ले पेश गरेको Steel Structural Works आइटमको तपसिल बमोजिमको परिमार्जित डीजाईन अनुसारको Quantity Estimate, Drawing स्वीकृत गरी उक्त परिमार्जित Quantity को सम्झौतामा नै उल्लेख दररेट( ने. रु. १३०, मु.अ.कर बाहेक) बमोजिम निज श्री कुसुम कन्स्ट्रक्सन, भानु-०१, तनहुँ लाई मिति २०८२ मंसिर मसान्तसम्मको लागि म्याद थप गरी निर्माण कार्यको लागि अनुमति दिने निर्णय गरियो। |
| 9. | बन्दीपुर अस्पतालको अधुरो निर्माण कार्य सम्बन्धमा | चालु आ.व.मा बन्दीपुर अस्पतालमा एक दिने विशेषज्ञ स्वास्थ्य परीक्षण सेवा सञ्चालनको लागि विनियोजन गरिएको रु ५ लाख मध्ये रु ४ लाख बाट बन्दीपुर अस्पतालको निर्माणाधीन नयाँ भवनको माथिल्लो तलामा रहेको हलको झ्यालमा खापाहरु हाल्न र हावा नछिर्न वाल माथि फ्रेम सहितको प्लेन सिट लगाउने कार्य गर्न अनुमति दिने निर्णय गरियो। |
| 10. | बन्दीपुर अस्पतालको अधुरो निर्माण कार्य सम्बन्धमा | चालु आ.व.मा बन्दीपुर अस्पतालको डुम्रे सेवा विस्तारका लागि विनियोजित रु ५ लाख बाट बन्दीपुर अस्पतालको निर्माणाधीन नयाँ भवनको भुई तल्लामा बाँकी रहेको टायल्स लगाउने लगायतका निर्माण कार्य गर्न अनुमति दिने निर्णय गरियो। |
| 11. | बन्दीपुर गापाको लोगो स्वीकृति गरी ब्याच बनाउने सम्बन्धमा: | व्यास – १० निवासी चित्रकार श्री हेम बहादुर दरैले तयार पारी कार्यालयमा पेश गरेको बन्दीपुर गा.पा.को लोगो स्वीकृत गरी भुक्तानी सम्झौता अनुसारको भुक्तानि गरिदिने र उक्त लोगोलाई समावेश गरी ब्याच बनाई आगामी गाउँसभामा वितरण गर्नेगरी कार्य अगाडि बढाउने निर्णय गरियो। |
| 12. | सिद्द गुफाको आय व्यायको विवरण माग गरी व्यवस्थित बनाउने सम्बन्धमा: | बन्दीपुर गाउँपालिकाको सम्पदाको रुपमा रहेको सिद्ध गुफाको कुशल व्यवस्थापन गरी गाउँपालिकाको आम्दानीलाई मजबुद बनाउन हाल सञ्चालन गरिरहेको समितिबाट हालसम्म भएगरेका आम्दानी खर्चको विवरण माग गरी सिद्ध गुफा, चुनपहरा स्टोन ट्रेल, तथा चुनपहरामा रहेको सटरको समग्र व्यवस्थापनका लागि नयाँ प्रकृयाबाट कार्य अगाडि बढाउने निर्णय गरियो। |
| 13. | विविध | 1. मिति २०८१।१२।२० को बन डढेलोले बन्दीपुर ६ निवसी धन बहादुर गुरूङको गोठमा क्षति पुऱ्याएको हुँदा निजलाई राहत स्वरूप रु १५ हजार उपलब्ध गराउने |

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | | निर्णय गरियो। |
| | | 2. | पोखरा प्राविधिक शिक्षालयमा अध्ययनरत छात्र बन्दीपुर गा.पा. वडा नं. 5 निवासी बलराम लामिछानेको नाती डोलप्रसाद लामिछानेको छोरा छविलाल लामिछाने लाई **गरिब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम शीर्षक** बाट आर्थिक वर्ष 2081/082 को लागि अन्तिम किस्ता स्वरुप ३५ हजार छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो। |
| | | 3. | बन्दीपुर गाउँपालिका वडा नं. ४ डुम्रे स्थित प्रहरी चौकीको मर्मत सम्भार गर्दा लागेको खर्च रु २४ हजार ५ सय रुपैया अन्य सार्वजनिक संरचनाको मर्मत शीर्षकबाट खर्च हुनेगरी विल भर्पाईका आधारमा भुक्तानि गर्ने निर्णय गरियो। |
| | | 4. | बन्दीपुर वडा नं. ५ को वार्षिक कार्यक्रममा रहेको योग सिविर तथा तनाव व्यवस्थापन कार्यक्रम शीर्षकबाट व्याडमिन्टन कोर्ट निर्माण गर्ने निर्णय गरियो। |
| | | 5. | बन्दीपुर -२ कुवादी निवासी दलबहादुर गुरूङको ५ वर्षीय छोरा उत्सव गुरूको वाघको आक्रमणमा परी मृत्यु भएकोहुँदा निजको परिवारलाई राहत स्वरूप रु ५० हजार सहायता गर्ने निर्णय गरियो। |
| | | 6. | बन्दीपुर ३ निवासी सुजन वि.क.को घर हावाहुरी तथा बर्षात् ले क्षति पुऱ्याएकोले निजलाई राहत स्वरूप रु १० हजार सहायता प्रदान गर्ने निर्णय गरियो। |
| | | 7. | स्थानीय बासीको सुरक्षा तथा शान्तिलाई असर पार्ने गरी अभद्र व्यवहार देखाउँदै आएका बन्दीपुर १ निवासी र लाई पुनस्थापना केन्द्रमा २ महिनासम्म राख्न पठाइएको अवस्थामा निजहरुको आर्थिक विपन्नताका कारण सुधार केन्द्रमा तिर्न पर्ने रकम जनही रु २० हजार का दरले जम्मा रू ४० हजार संलग्न विल भरपाईका आधारमा राहत तथा पुनःस्थापना शीर्षकबाट भुक्तानि गर्ने निर्णय गरियो। |
| | | 8. | बन्दीपुर २ निवासी चमेली कसाईको घर हावाहुरी तथा बर्षात् ले क्षति पुऱ्याएको ले निजलाई राहत स्वरूप रु १५ हजार सहायता प्रदान गर्ने निर्णय गरियो। |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष